## इलाममा घन्कियो
# जिन्दगीको के भरोसा

इलाम, (नेस)। इलामनगरपालिकाको पर्यटकीय गन्तव्य भालुढुंगामा चर्चित गायक कर्णदास एकल साँझ सम्पन्न भएको छ।

इलाममा एकल साँझ कार्यक्रममार्फत झुल्किएका कर्णदासले सदरमुकामस्थित गौतम बुद्ध सभागृहमा प्रस्तुति दिए। *आमा भन्दै रुन पाऊँ* भन्ने बोलको गीतबाट एकल साँझको शुरू गरेका गायक कर्णदासले दोस्रो प्रस्तुतिमा आफ्नो बहुचर्चित गीत *ठूलाठूला महल होइन सीप सिकाउने झुपडी देऊ* गीत सुनाउँदै दर्शकको सांगीतिक प्यास मेटाए। उनले *यो प्रेमको बलिदान म कसरी भुल्न सक्छु, अनौठो व्यथा रहेछ मेरो प्रेम कहानी, पुरानो डुङ्गा पानीको छाल*लगायतका गीत सुनाएर सयौं दर्शकको साथ पाए।

पहिलोपटक इलामको एकल साँझमा प्रस्तुत भएका कर्णदासले अन्तिमसम्म नै वान्स मोर पाइरहे। दार्जिलिङको मिरिकस्थित म्युजिक मेलोडी ब्यान्डका म्युजिसियनका साथ २ दिनको छोटो अभ्यासमा लाइभ प्रस्तुति दिएका कर्णदासलाई स्थानीय संगीतकर्मीले पनि साथ दिएका थिए। करिब एक दर्जन गीत गाएका कर्णदासले अन्त्यमा चर्चित गीत *जिन्दगीको के भरोसा* गाएर आफ्नो एकल साँझ टुंग्याएका थिए। प्रदेश नम्बर १ स्तरीय युवा महोत्सवको अवसरमा कर्ण दासको एकल साँझ कार्यक्रम इलाममा आयोजना गरिएको हो। तीनदिने युवा महोत्सवअन्तर्गत उनको प्रस्तुति प्रस्तुत गरिएको हो।

इलामको पर्यटन विकासमा सघाउ पुर्‍याउने उद्देश्यबमोजिम सम्पन्न महोत्सवको क्रममा भालुढुंगामा गजल मेला आयोजना गरिएको थियो। जिल्ला युवा समिति इलामले युवा महोत्सवको आयोजना गरेको हो।



## निर्देशक निकलोसमाथि
# ८ महिलाद्वारा उत्पीडनको आरोप

हलिउड फिल्म निर्माता हार्वे विन्सिटनमाथि यौन उत्पीडनको आरोप लागेपश्चात् फिल्म क्षेत्रमा हुने यस्ता यौन उत्पीडनका घटनाहरू विस्तारै बाहिर आउन थालेका छन्।

यसैबीच *नो फिल्टर, आफ्टर शक, नक नक*जस्ता हलिउड फिल्मबाट आफ्नो पहिचान बनाएका निर्देशक निकोलस लोपेजमाथि ८ जना महिलाले यौन उत्पीडनको आरोप लाएका छन्। एक हलिउड वेबसाइटका अनुसार लोपेजले फिल्ममा काम दिने बहानामा महिलाहरूलाई आफ्नो घर तथा अफिसमा बोलाएर दुर्व्यवहार गर्ने गरेका थिए।

यति मात्र होइन उनीहरूले आफ्नो बयानमा दुर्व्यवहारपश्चात् काम नदिने धम्की पनि दिने गरेको बताएका छन्। समाचारमा जनाइएअनुसार उनीहरू सबै हलिउडका नाम चलेका अभिनेत्री हुन्। उनीहरूले आफूहरूलाई जबर्जस्ती अश्लील फिल्म देखाउने गरेकोसमेत बताएका छन्। यी सबै आरोपमाथि निकोलस लोपेजले प्रतिक्रिया दिँदै सबै आरोपहरू व्यर्थको भएको बताएका छन्।



## धरहरा
# ट्राफिकको विकल्प



काठमाडौं मुलुकको राजधानी। राजधानी बन्न लागि आवश्यक मापदण्ड धेरै होलान्, हुनुपर्छ तर अस्तव्यस्त सडक र ट्राफिक समस्या राजधानीको बलियो परिचय बनेको छ। सवारी साधन कति हो कति, सवारी व्यवस्थापन गर्ने ट्राफिक केही सीमित मात्रै भेटिन्छन्।

साढे ५ सयभन्दा बढी सवारी एक ट्राफिक प्रहरीले व्यवस्थापन गर्नुपर्ने भएर होला ट्राफिकलाई सघाउन उपत्यकाका सडकमा साँढे, गाई र बाछा-बाछी पनि देखिन थाल्या छन्। चौपाया ट्राफिक आइल्यान्ड, सडक डिभाइडर र ट्राफिक प्रहरीझैं सडकका बीचमा र सडक किनारामा पर्याप्त भेटिन्छन्।




त्यस्तो दृश्य देख्दा लाग्छ चौपाया स्वयंसेवी ट्राफिकका रूपमा खटिएका छन्।

चौपायालाई तालिम दिएर सडकमा खटाउँदा त गज्जबै हुन्थ्यो। नयाँ ट्राफिक प्रहरी नियुक्त गर्नैं नपर्ने, न तलब दिनुपर्ने, न त भत्ता नै। खेतबारी जोत्ने, गाडा तान्ने, दाइँ गर्ने राँगा, गोरु प्रयोग गर्न मिल्ने, ट्राफिकको विकल्प किन नसोच्ने? हैन भने हेरौं तस्वीर आफै बोल्छ।

# सञ्जुको कमाइ पहिलो सातामै सर्वाधिक

बलिउड अभिनेता सञ्जय दत्तको जीवनमा आधारित फिल्म *सञ्जु* गत शुक्रबार रिलिज भयो। फिल्ममा सञ्जयको भूमिकामा रहेका नायक रणवीर कपुरको काम निकै मन पराइएको छ।

रिलिजको पहिलो दिन ३४ करोड भारतीय रुपियाँ कमाइ गरेको फिल्मले दोस्रो दिन ३८ करोडभन्दा बढी कमायो। यससँगै फिल्मले रिलिजको तेस्रो दिन नै सय करोड क्लबमा प्रवेश गरेको छ। एक सय १६ करोड कमाइ गरेर यस वर्ष पहिलो हप्ता सबैभन्दा बढी कमाइ गर्ने फिल्म पनि सावित भएको छ। यसका साथै रणवीर कपुरको सबैभन्दा बढी कमाइ गर्ने ओपनिङ फिल्म, राजकुमार हिरानीले निर्देशन गरेको सबैभन्दा बढी कमाइ गर्ने फिल्म, अस्ट्रेलियामा धेरै कमाइ गर्ने बलिउड फिल्म जस्ता रेकर्ड राख्न सफल भएको छ।

फिल्ममा सञ्जयको जीवनको जिन्दगीसँग जोडिएका अधिकांश किस्सालाई निर्देशक राजकुमार हिरानीले हुबहु पर्दामा उतारेका छन्। तर उनको जीवनसँग जोडिएका कतिपय कुराले भने फिल्ममा अलिकति पनि स्थान पाएको छैन। जस्तै सञ्जय दत्तको पहिलाका दुई पत्नीहरूको कुरा फिल्ममा कतै पनि छैन। मान्यता दत्तभन्दा अघि पनि सञ्जयको दुईपटक विवाह भएको थियो। पहिलो पत्नी ऋचा शर्माको ब्रेन ट्युमरको कारण मृत्यु भएपछि उनले रीया पिल्लाईसँग दोस्रो विवाह गरेका थिए। उनीसँग डीभोर्स भएपछि मात्र सञ्जयले मान्यतासँग विवाह गरेका हुन्। पहिलो पत्नीका तर्फबाट एक छोरी त्रिशाला छिन्, तर फिल्ममा यसबारे केही पनि समावेश छैन।



खबरअनुसार फिल्म सञ्जु इन्टरनेट तथा फेसबुकमा लिक भएको छ। एक युजरले अपलोड गरेपछि उक्त फिल्मलाई हालसम्म ५० हजार व्यक्तिले शेयर गरेको बताइएको छ। रणवीरका फ्यानहरू भने यसप्रति रिसाएका छन्। उनीहरूले हलमै गएर फिल्म हेर्न पनि अपिल गरेका छन्।

सञ्जुका लागि रणवीर कपुरले निकै मेहनत गरेका थिए। पोस्टरमा उनको लुक्स हेर्दा पनि यो प्रस्ट हुन्छ। फिल्ममा उनको साथ परेश रावल, विकी कौशल, अनुष्का शर्मा, मनीषा कोइराला तथा दिया मिर्जाको मुख्य भूमिका रहेको छ।

# ३ सिंगल थिएटरले गर्ने फिल्म वितरणको काम

निर्माताहरूलाई फिल्म चलाएबापतको भुक्तानी समयमै गर्ने भन्दै पुराना वितरक तथा सिंगल थिएटरका हल सञ्चालकहरूले फिल्म वितरण कम्पनी सञ्चालनमा ल्याएका छन्। राजधानीका ३ सिंगल थिएटर गंगा हल, गुण सिनेमा र अष्टनारायणका सञ्चालकहरू मिलेर फिल्म वितरण कम्पनी सञ्चालनमा ल्याएका हुन्।

सोमबार राजधानीमा पत्रकार सम्मेलन गरेर जीजीए ग्रुप नाममा फिल्म वितरण गर्ने सञ्चालहरूले बताए। झन्डै १५ वर्ष एकल वितरण गरेर केही समय यो क्षेत्रबाट विश्राम लिएका गंगा हलका सञ्चालक मदनमान वज्राचार्यले केही समयअघि चलचित्र संघ र निर्माता संघको सम्झौताअनुरूप रहेर आफ्नो संस्थाले काम गर्ने जानकारी गराए। 'हलले जतिसुकै समयमा पैसा दिए पनि निर्मातालाई हामी फिल्म उत्रेको दुई हप्ताभित्र रकम भुक्तानी गर्नेछौं', उनले भने- 'फिल्म चलेको महिनौंसम्म पनि भुक्तानी नपाएको गुनासो मेटाउन हामी अगाडि आएका हौं। कपितय हलले समयमा भुक्तानी नदिएका पनि होलान्, तर समयमै भुक्तानी पाएका हलको पैसा पनि वितरकले निर्मातालाई समयमै नदिएको पाएका छौं। फिल्मको व्यापार भनेको क्यास बिजिनेस हो। त्यसैले हामी हलबाट पैसा आए पनि नआए पनि समयमै निर्माताको पैसा चुक्ता गर्छौं।' त्यसै गरी सभासद तथा फिल्म व्यवसायी रामवीर मानन्धरले बक्स अफिसले मात्र हिसाब किताब क्लियर नगर्ने




भन्दै निर्माता, हल सञ्चालक र डिस्ट्रिब्युटर आफैमा पनि हिसाबमा क्लियर हुनुपर्ने बताए। ग्रुपले फिल्मकर्मी अशोक शर्माको फिल्म *जय भोले*बाट फिल्म वितरणको कार्य शुरूआत गर्ने भएको छ। सोमबार नै ग्रुपका सञ्चालहरूले शर्माको फिल्म वितरण गर्ने सम्झौतापत्रमा हस्ताक्षर गर्दै साटासट गरे। कार्यक्रममा निर्माता विनोद मानन्धरले आफ्नो फिल्म *मेघा* र *फागु* चलाएको महिनौंसम्म पनि सोबापतको भुक्तानी नपाएको गुनासो गरेका थिए।

# भेडीखर्केको स्मृतिमा सालिक बनाइँदै

लमजुङ, (नेस)। लमजुङको पहिचान बनेका ठाडोभाकाका शिरोमणि स्व. भेडीखर्के साइँला (दीर्घराज अधिकारी)को सालिक निर्माण गरिने भएको छ। सुन्दरबजार नगरपालिका-९ स्थित भोटेओढार कृष्ण बगैंचामा एक समारोहबीच सालिक निर्माण कार्यको शिलान्यास गरिएको छ। शिलान्यास समारोहमा भेडीखर्केको स्मृतिमा सांगीतिक कार्यक्रम आयोजना गरिएको थियो भने कलाकारहरूले गीत र नृत्य प्रस्तुत गरेका थिए।

सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्र र सञ्चारकर्मी कृष्ण कँडेलले संयुक्तरूपमा सालिकको शिलान्यास गरेका हुन्। नगरप्रमुख मिश्रले भेडीखर्के जिल्लाको मात्रै नभई सिंगो राष्ट्रकै गौरव भएको बताए। 'भेडीखर्केले जीवनकालमा एउटा बेग्लै सांगीतिक विधाको पहिचान स्थापित गर्न सफल भएकाले उनलाई ठाडोभाका शिरोमणिको उपाधि दिइएको हो। आज उनको सम्झना र सम्मानमा स्थानीय सरकारले गर्न सक्ने रचनात्मक कार्यमा सहयोग गर्न नगरपालिका तयार छ।' -उनले भने।



सालिक निर्माणका लागि ३२ लाख ७३ हजार ५ सय ४५ रुपियाँ लाग्ने अनुमान गरिएको सो समितिका अध्यक्ष एवं भेडीखर्केका छोरा गंगाप्रसाद अधिकारीले जानकारी गराए। 'बुबाले आफूसँग भएको क्षमता देखाएर ठाडोभाकालाई देशविदेशमा चिनाउनुभयो', उनले भने- 'उहाँलाई माया गर्नेहरूले सालिक बनाउनु उचित हुन्छ भने। मलाई पनि उचितै लाग्यो र बनाउने टुंगोमा पुगियो।' भेडीखेर्केले १२ वर्षको उमेरदेखि ठाडोभाका गाउन शुरू गरेको उनका सहपाठी देवीबहादुर गुरुङले बताए। पहिले देउबहादुर दुरा र पञ्चैसुब्बा गुरुङले यो भाका प्रचलनमा ल्याए पनि देशविदेश फैलाउने काम भने भेडीखर्के साइँलाले गरेको गुरुङ बताउँछन्।

सुन्दरबजार नगरपालिका-११ तुर्लुङकोटमा १९९० साल भदौ २९ गते जन्मिएका भेडीखर्केको गत भदौ २६ गते ८४ वर्षको उमेरमा निधन भएको हो।






कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ